Soaltee Hotel Limited

# प्रेस विज्ञप्ती

**सोल्टी होटल लिमिटेडको ४७औं वार्षिक साधारण सभा सम्पन्न भई सभाबाट नयाँ सञ्चालक समिति गठन श्री दिनेश बहादुर विष्ट कार्यकारी अध्यक्षमा पुनः नियुक्त हुनु भएको सम्बन्धमा ।**

**२८ मंसिर २०७८, काठमाण्डौं** - विगत ५५ बर्ष देखि नेपालको पर्यटन क्षेत्रको विकाशमा महत्वपुर्ण योगदान पुऱ्याउदै आएको अग्रणीय शुप्रशिद्ध पाँचतारे होटेल, सोल्टी होटल लिमिटेडका शेयरधनीहरुको ४७औं बार्षिक साधारण सभा मिति २०७८ मंसिर २८ गते तद्नुसार १४ डिसेम्बर २०२१ मंगलबारका दिन अत्यन्त सौहार्दपूर्ण वातावरणमा भौतिक तथा अभौतिक माध्यम अर्थात भर्चुवल भिडियो कन्फेरेन्स (Virtual video conference medium) माध्यमबाट सफलतापूर्वक सम्पन्न भई उक्त बार्षिक साधारण साभाबाट नयां सञ्चालक समित गठन भएको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोनाभाइरस (कोभिड - १९) महामारीको विशेष र अप्रत्याशित परिस्थितिका कारण कम्पनीको ४७औं वार्षिक साधारण सभाको बैठक शेयरधनी महानुभावहरुको भौतिक उपस्थितमा जनस्वास्थ्यका अत्यावश्यक प्रोटोकल निर्देशन अनुपालनहरु कडाईका साथ पालना गर्दै भर्चुवल भिडियो कन्फेरेन्स माध्यमबाट सञ्चालन गरिएको थियो ।

कम्पनीको संचालक समितिमा संस्थागत शेयरधनीहरु मध्येबाट नियुक्त हुने ५ जना र सर्वसाधारण शेयरधनीहरु मध्येवाट निर्वाचित हुने ३ जना संचालक र १ जना स्वतन्त्र संचालक गरी जम्मा ९ जना संचालक नियुक्त हुनु भएको छ ।

संस्थागत शेयरधनी सोल्टी ईन्टरप्राइजेज प्राइभेट लिमिटेडको तर्फबाट नियुक्त ४ जना संचालकमा **श्री दिनेश बहादुर विष्ट, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ र श्री जया राज्यलक्ष्मी शाह**, पुनः नियुक्त हुनु भएको छ ।

नेपाल वायुसेवा निगमको तर्फबाट नियुक्त १ जना संचालकमा **श्री गणेश बहादुर चन्द** नियुक्त हुनु भएको छ ।

त्यसैगरी सर्बसाधारण शेयरधनीहरुका तर्फबाट निर्वाचित ३ जना संचालकमा **श्री शशीराज पाण्डे, श्री निरञ्जन कुमार टिवरेवाला र श्री प्रकाश विक्रम खत्री** निर्विरोध निर्वाचित हुनु भएको छ ।

त्यसैगरी, सोल्टी होटल लिमिटेडको स्वतन्त्र संचालकमा **श्री दीपक राज जोशी** नियुक्त हुनु भएको छ । श्री जोशी पर्यटनको प्रवृत्ति, र विश्वव्यापी पर्यटनमा वैकल्पिक आवाज दिने उद्देश्यले संस्थापिना संस्था **विश्व पर्यटन नेटवर्क**का संस्थापक कार्यकारी संचालक समेत हुनुहुन्छ । वहां नेपाल टूरिज्म बोर्डका पूर्व कार्यकारी प्रमुख, तथा टुरिज्म रिकभरी टास्क फोर्स नेपालका संयोजक समेत हुनुहुन्थो ।

साथै, साधारण सभा लगत्तै बसेको कम्पनीको नवगठित संचालक समितिको २३७औं बैठकको सर्वसम्मत निर्णयबाट **श्री दिनेश बहादुर विष्ट, कार्यकारी अध्यक्ष**मा चार वर्षको कार्यकालका लागि पुनः नियुक्त हुनु भएको छ ।

**संचार माध्यमको अन्य जानकारीको लागि**

**सुदर्शन चापागाई**
**उपाध्यक्ष**
**सोल्टी होटल लिमिटेड**
फोन नं. ४२७३९९९, मोबाइल नं. ९८०१०६७०००
इमेल : schapagain@soaltee.cpm.np
**मिति : २८ मंसिर २०७८**

---

**सोल्टी होटल लिमिटेडको सम्बन्धमा संक्षिप्त जानकारी**

**सोल्टी होटल लिमिटेड** नेपाल धितोपत्र बोर्डमा शेयर दर्ता गरी नेपाल स्टक एक्सचेंज लिमिटेडमा सूचीकृत, नेपालको कम्पनी ऐन,२०२१ (हाल २०६३) बमोजिम संस्थापित भएको सिमित दायित्वको पब्लिक लिमिटेड कम्पनी हो । कम्पनीको रजिष्ट्रर्ड कार्यालय तथा प्रमुख कारोवार गर्ने स्थान ताहाचल, काठमाण्डौं, नेपालमा अवस्थित छ । सोल्टी होटल लिमिटेडले दी सोल्टी काठमाण्डौं, दी सोल्टी गेट गुर्मेट तथा त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा होराइजन लाउन्ज संचालन तथा व्यवस्थापन गर्दछ । सोल्टी होटेल विभिन्न स्तरका डीलक्स, क्लब देखि लिएर सूईट सम्मका बिक्री योग्य २८२ कोठाहरु भएको पांचतारे होटेल हो । कम्पनीले अन्तर्राष्ट्रिय ख्याति प्राप्त फ्लाईट कैटरिंग कम्पनी गेट गुर्मेट संग गरेको प्रविधि सहयोग सम्झौता अन्तर्गत गेट गुर्मेट - फ्लाईट कैटरिंग डिभिजन समेत संचालन गर्दछ ।